## लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था)

## को

## एघारौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था) को मिति २०६३/१०/११ मा बसेको संचालक समितिको १५५ औं बैठकबाट यस वित्तिय संस्थाको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न लिखित बिषयहरु उपर छलफल गर्नको लागि बस्ने भएकोले उक्त मिति स्थान र समयमा शेयरधनी महानुभावहरु आफु स्वयं वा रितपुर्वकको प्रतिनिधीद्धारा उपस्थित हुन अनुरोध गरिन्छ ।

### सभा हुने मिति, स्थान र समय

मिति: २०६३ साल फाल्गुण ११ गते (तदनुसार २३ फेब्रुअरी २००७)
स्थान: रसियन कल्चरल सेन्टर , कमलपोखरी, काठमाडौं ।
समय: बिहान ११.०० बजे ।

### छलफलका बिषयहरुः

क) साधारण प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६३ साल आषाढ मशान्तको वासलात तथा आर्थिक वर्ष २०६२/६३ को नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाहको बिवरण पारित गर्ने ।
३. आ.ब २०६२/६३ को लागि संचालक समितिले प्रस्ताव गरे बमोजिमको नगद लाभांश स्विकृत गर्ने ।
४. संचालकहरुको भत्ता बृद्धि गर्ने सम्बन्धी प्रस्ताब ।
५. आ.व. २०६३/६४ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
६. यस वित्तिय संस्थामा संस्थापक शेयरधनी समुह (समुह क) अर्न्तगत प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।
७. बिविध ।

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. एघारौं बार्षिक साधारण सभाको प्रयोजनको लागि यस वित्तिय संस्थाको शेयर दाखिल खारेजको काम २०६३ साल माघ महिना २९ गतेदेखि फाल्गुण ११ गते सम्म बन्द रहने छ ।
२. कम्पनीको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको शेयर लागतमा कायम रहेको सम्बन्धित ठेगानामा पठाईनेछ । साथै कम्पनीको वेभसाईट www.lumbinifinance.com मा पनि हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले ब्यक्तिगत रुपमा पठाईएको सूचना तथा शेयर प्रमाणपत्र र आफना परिचय पत्र साथमा लिई आउनु हुन अनुरोध छ । कारणबश बार्षिक प्रतिवेदन नपाउनु भएमा यसै सुचनालाई आधार मानी उपस्थित हुनु हुन अनुरोध गरिन्छ ।

३. निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको सुचना पाटीमा टासिनेछ ।
४. हाजिरी पुस्तिका बिहान १०.०० देखि साधारण सभा रहुन्जेल सम्म खुल्ला रहनेछ ।
५. साधारण सभा सम्बन्धि अन्य जानकारीको लागि यस वित्तिय संस्थाको प्रधान कार्यालय त्रिदेवीमार्ग ठमेलमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तिय संस्था)
(नेपाल राष्ट्र बैंकबाट “ग” बर्गको ईजाजत प्राप्त)
प्रधान कार्यालय त्रिदेवीमार्ग, ठमेल, काठमाडौं । फोन नं. ४४२३४४३, ४४२३४४५, ४४२२५४३ फयाक्स नं. ४४२५६५५
वेभसाईटः www.lumbinifinance.com
ईमेलः lufil@mos.com.np

शाखा कार्यालय
मानभवन, ललितपुर ।
फोन नं ५५३४२८१